वर्ष ९, अंक ६, असोज

प्रविधिको सहयोगमा वस्तुनिष्ठ अनुसन्धान ।
विश्वासिलो अभियोजनः पीडितको सम्मान ।।

अपराध अनुसन्धान मासिक ई-बुलेटिन



नेपाल प्रहरी प्रधान कार्यालय,
अपराध अनुसन्धान विभाग
नक्साल काठमाण्डौ

विषय सूची

शीर्षक	पृष्ठ
विभागीय गतिविधि	१ – २
अपराध तथ्याङ्क	३ - १०
प्रहरी सेवा प्रवाह	११ - १४
खोजतलास तथा समन्वय	१५
अपराध अनुसन्धानमा सहायता प्रदान	१६ - १७
अपराध समाचार	१८ - २५
उत्कृष्ट अनुसन्धान	२६
सम्पादक मण्डल	२७

विभागीय गतिविधिहरु

मिसनबाट स्वदेश फिर्ता र मिसनमा खटि जान लाग्नु भएका प्रहरी अधिकृतहरूको स्वागत तथा विदाइ कार्यक्रम सम्पन्न





काठमाण्डौ, १२ असोज

United Nations Support Mission in Libya (UNSMIL) मिसनमा सहभागी भई मिति २०८३।०४।२१ गते (तदनुसार 6 August 2026) मा आफ्नो मिसन कार्यकाल पूरा गरी स्वदेश फिर्ता हुन भएका प्रहरी वरिष्ठ उपरीक्षक गंगा पन्तज्यू र United Nations Mission in South Sudan (UNMISS) मिति २०८३ असोज १४ गते (तदनुसार 30 September 2026) मा मिसनतर्फ खटिइ जान लाग्नु भएका ८ जना प्रहरी अधिकृतहरु प्रहरी नायव उपरीक्षक पञ्चलाल गोले, प्रहरी निरीक्षक नर बहादुर साँउदज्यू, प्रहरी निरीक्षक बिनोद सुवेदीज्यू, प्रहरी निरीक्षक नेत्र बहादुर कुवरज्यू, प्रहरी निरीक्षक दीपा भट्टराईज्यू, प्रहरी वरिष्ठ नायव निरीक्षक माया देवी शर्माज्यू, प्रहरी वरिष्ठ नायव निरीक्षक निशा पन्तज्यू र प्रहरी वरिष्ठ नायव निरीक्षक प्रकाश के.सी.ज्यू लाई विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी.ज्यूद्वारा स्वागत तथा विदाई कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू, प्रहरी नायव महानिरीक्षकज्यूहरू, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरू, प्रहरी उपरीक्षकज्यूहरू, प्रहरी नायव उपरीक्षकज्यूहरू, प्रहरी निरीक्षक दर्जाका प्रहरी अधिकृतज्यूहरू एवं सकल दर्जा प्रहरी कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो।

मिसनबाट स्वदेश फिर्ता हुनु भएका प्रहरी अधिकृतहरूको स्वागत कार्यक्रम सम्पन्न



काठमाण्डौ, २१ असोज

संयुक्त राष्ट्र संघीय शान्ति मिसन United Nations Mission in South Sudan (UNMISS) मा सहभागी भई मिति २०८३।०५।०९ गते (तदनुसार 25 August 2026) मा आफ्नो मिसन कार्यकाल पूरा गरी स्वदेश फिर्ता हुन भएका प्रहरी नायव उपरीक्षक संजिव बाबु खड्का प्रहरी नायव उपरीक्षक सुवास खड्का, प्रहरी नायव उपरीक्षक सुवास बुढाथोकी, प्रहरी नायव उपरीक्षक लक्ष्मण बहादुर शाही, प्रहरी नायव उपरीक्षक प्रवीण कार्की, प्रहरी निरीक्षक जितेस दाहाल, प्रहरी निरीक्षक रोशन कुमार शर्मा, प्रहरी वरिष्ठ नायव निरीक्षक मन्जु सुनुवार मिति २०८३।०५।२२ गते (तदनुसार 07 September 2026) मा आफ्नो मिसन कार्यकाल पूरा गरी स्वदेश फिर्ता हुन भएका प्रहरी नायव उपरीक्षक रविन्द्र राज पाण्डे, प्रहरी नायव उपरीक्षक दिपक कुमार साह, प्रहरी नायव उपरीक्षक मिलन बस्नेत तथा प्रहरी निरीक्षक कृष्णा खत्री गरि जम्मा १२ जना प्रहरी अधिकृतज्यूहरूलई विभागीय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी.ज्यूद्वारा स्वागत कार्यक्रम सम्पन्न भयो।

उक्त कार्यक्रममा प्रहरी अतिरिक्त महानिरीक्षकज्यू, प्रहरी नायव महानिरीक्षकज्यूहरू, प्रहरी वरिष्ठ उपरीक्षकज्यूहरू, प्रहरी उपरीक्षकज्यूहरू, प्रहरी नायव उपरीक्षकज्यूहरू, प्रहरी निरीक्षक दर्जाका प्रहरी अधिकृतज्यूहरू एवं सकल दर्जा प्रहरी कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो

क्वान्टम कम्प्युटिङ (Quantum Computing) विषयमा प्रस्तुतिकरण




काठमाडौं, २९ असोज

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागिय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी.ज्यूको प्रमुख आतिथ्यतामा क्वान्टम कम्प्युटिङ (Quantum Computing) विषयमा छलफल भएको थियो । उक्त कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, सूचना प्रविधि निर्देशनालयका प्रहरी वरिष्ठ उपरीक्षक सरोज शाक्य ज्यूले क्वान्टम कम्प्युटिङ(Quantum Computing) सम्बन्धी प्रयोग र त्यसको प्रभाव बारे प्रस्तुतिकरण दिनुभएको थियो।

उक्त कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभागका प्रहरी नायव महानिरीक्षक, प्रहरी वरिष्ठ उपरीक्षक, प्रहरी उपरीक्षक, प्रहरी नायब उपरीक्षक, प्रहरी निरीक्षक दर्जाका प्रहरी अधिकृत एवं सकल दर्जाका प्रहरी कर्मचारीहरूको समेत उपस्थिति रहेको थियो।






अपराध तथ्याङ्क


उपत्यका र प्रदेशगत पाँच आ.व.को मुद्दा दर्ता र फछौंट संख्या
(आ.व. ०७८/०७९ देखि आ.व. ०८२/०८३)




काठमाडौं उपत्यका तथा प्रदेशगत मासिक (असोज) मुद्दा दर्ता तथ्याङ्क




काठमाडौं उपत्यका र प्रदेशगत त्रैमासिक मुद्दा दर्ता संख्या (साउन - असोज)




उपत्यका र प्रदेश शिर्षक अनुसारको मासिक (असोज) मुद्दा दर्ता संख्या




आत्महत्याको उपत्यका तथा प्रदेशगत मासिक (असोज) तथ्याङ्क




बैंकिङ कसूरको उपत्यका तथा प्रदेशगत मासिक (असोज) मुद्दा दर्ता तथ्याङ्क




जघन्य अपराधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक (असोज) मुद्दा दर्ता संख्या




गम्भीर अपराधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक (असोज) मुद्दा दर्ता संख्या



सम्पत्ति शुद्धिकरणको उपत्यका र प्रदेशगत मासिक (असोज) मुद्दा दर्ता संख्या




२०८३ साल असोज महिनाको कूल घरेलु हिंसा सम्बन्धी विवरण




२०८३ साल असोज महिनाको फैसला कार्यान्वयन तर्फको फरार अभियुक्त पक्राउ संख्या

सि.नं.	प्रदेश/उपत्यका/ब्यूरोको नाम	पक्राउ संख्या	कैद	असुल जरिवाना (.रु)
१.	काठमाण्डौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी	२९८	१०६ वर्ष ०५ महिना ० दिन	१८०८४१६२
२.	कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर	२४४	१६० वर्ष ० महिना २६ दिन	२५६९३१९९
३.	मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर	४६९	१८३ वर्ष ०२ महिना २७ दिन	४३४३२९१४
४.	बाग्मती प्रदेश प्रहरी कार्यालय, हेटौडा	२७६	३५५ वर्ष ०७ महिना २२ दिन	१५४३५७९५
५.	गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा	८८	२० वर्ष ०४ महिना २२ दिन	८०७०६०८
६.	लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ	३१४	७६ वर्ष ०८ महिना ०१ दिन	२५०२८५४६
७.	कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत	४०	१३ वर्ष ०६ महिना १९ दिन	३८९५४७
८.	सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी	८२	३४ वर्ष ०७ महिना १० दिन	४७४२०९७
९.	केन्द्रीय अनुसन्धान ब्यूरो, लाजिम्पाट	१२	२५ वर्ष ० महिना १३ दिन	६६७७५०००
जम्मा		१८२३ जना	९७२ वर्ष ०७ महिना २० दिन	रु२०.,७६,५१,८६८।-


लागू औषधको काठमाडौं उपत्यका र प्रदेशगत मासिक (असोज) मुद्दा दर्ता संख्या



अभियुक्त पक्राउ सम्बन्धी काठमाडौं उपत्यका र प्रदेशगत मासिक (असोज) तथ्याङ्क




साइबर अपराध काठमाडौं उपत्यका र प्रदेशगत मासिक (असोज) उजुरी, मुद्दा दर्ता र अभियुक्त पक्राउ संख्या



प्रहरी सेवा प्रवाह

२०८३ साल असोज महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी संख्या



२०८३ साल असोज महिनामा चालचलन शाखाको प्रगति विवरण


क्र.सं.	विवरण	प्रगति	
		दर्ता	वितरण
१	Online System मार्फत प्रहरी चारित्रिक प्रमाण पत्र दर्ता/वितरण	१५०८२५	११६३९६
२	तालुक गृह मन्त्रालयबाट आपराधिक अभिलेख चेकजाँचको लागि प्राप्त विदेशी तथा नेपाली नागरिकहरू	६	६
३	अध्यागमन विभागबाट कार्य सहमति शाखा	१८७	१५०
४	नागरिक उड्डयन प्राधिकरण	१	१
५	राजदुतावासहरूबाट प्राप्त (अपराधिक अभिलेख)	१८	१८
६	औंठाछाप प्रमाणीकरण	५६	५६
८	अन्य	९	९
जम्मा		**१८२९४९**	**१३७९६५**

सामुदायिक प्रहरी गतिविधि

२०८३ साल असोज महिनामा सामुदायिक प्रहरी शाखा अन्तर्गत गठित समिति र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्वारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गतका कार्यक्रम गतिविधिहरू :


सामुदायिक प्रहरी गतिविधि

गृह प्रशासन सुधार कार्ययोजना २०७८, बुँदा नं. १२४ अन्तर्गत कार्यक्रमहरू




आसरा सुधार केन्द्र रानीवारी

२०८३ साल असोज महिनामा उपचाररत लागू औषध सेवनकर्ताहरूको संख्या



आसरा सुधार केन्द्र पानवारी, धरान-सुनसरी

२०८३ साल असोज महिनामा उपचाररत लागू औषध सेवनकर्ताहरूको संख्या



आसरा सुधार केन्द्र फुलबारी धनगढी कैलाली

२०८३ साल असोज महिनामा उपचाररत लागू औषध सेवनकर्ताहरूको संख्या




२०८३ साल असोज महिनामा नेपालमा रहेका विदेशी नागरिकहरूको संख्यात्मक विवरण


सि.न.	कार्य विवरण	संख्या
१.	विदेशी नागरिक मृत्यु	०९ जना
२.	विदेशी नागरिक पक्राउ	३२ जना
३.	हराएका विदेशी नागरिक	६७१ जना
४.	उद्दार गरिएका विदेशी नागरिक	३१० जना
५.	नेपालको विभिन्न क्षेत्रमा ट्रेकिङ गएका विदेशी नागरिकको विवरण	२०,०७४ जना
६.	विदेशी नागरिक पक्राउ गरी थप कारबाहीका लागि अध्यागमन कार्यालय पठाइएका	०६ जना

खोजतलास तथा समन्वय

२०८३ साल असोज महिनामा हराएका, फेला परेका तथा खोजतलास भइरहेका बालबालिकाहरूको विवरण



२०८३ साल असोज महिनामा बेवारिसे फेला परेका, पारिवारिक पुनर्मिलन एवं बालगृहमा रहेका बालबालिका सम्बन्धी संख्यात्मक विवरण




अपराध अनुसन्धानमा सहायता प्रदान

डिजिटल फरेन्सिक ल्याब (Digital Forensic Lab)

❖ Digital Forensic Lab बाट २०८३ सालको असोज महिनामा विभिन्न १४ वटा मुद्दा शीर्षक (सुन तस्करी, अभौतिक मुद्रा, आत्महत्या दुरुत्साहन, झुन्डी मृत्यु, मानव बेचबिखन, विद्युतीय कारोबार ऐन अन्तर्गतको कसूर, जबरजस्ती करणी, कर्तव्य ज्यान, ठगी, संगठित अपराध, महिला तथा बालबालिका सम्बन्धी कसूर, बैकिङ कसूर, अनलाइन ठगी, लागू औषध) अन्तर्गत १६० वटा मुद्दाको ७१५ वटा सबुतहरू परीक्षण गरिएको।

दूरसंचार समन्वय शाखा (Telecommunication Co-ordination Centre)

❖ असोज महिनामा अपराध अनुसन्धानको सिलसिलामा नेपाल प्रहरी प्रदेश कार्यालयहरु तथा मातहत मुद्धा चल्ने प्रहरी ईकाईहरुबाट मागभई आएका Operational Data हरु दूरसञ्चार सेवा प्रदायक संस्थाहरूसँग समन्वय गरी निम्नानुसारको संख्यामा उपलब्ध गराएको।




नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला (NPCFSL), सामाखुशी

- नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला सामाखुशी काठमाडौंबाट मिति २०८३/०६/०१ गतेदेखि २०८३/०६/३० गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **५०२** केशहरुको **३७३८** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **३२५** केशहरुको **१७७०** नमूनाहरु परीक्षण गरिएकोमा **६३६९** केशहरुको **२७८५४** नमुनाहरु पेण्डिङ रहेको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, धरान, सुनसरीबाट मिति २०८३/०६/०१ गतेदेखि २०८३/०६/३० गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **३०३** केशहरुको **१००५** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **२९५** केशहरुको **११२७** नमूनाहरु परीक्षण गरिएकोमा **३९०** केशहरुको **१३८९** नमुनाहरु पेण्डिङ रहेको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, भैरहवा, रुपन्देही (हाल गणेशमानचोक, नेपालगंज, बाँके) बाट मिति २०८३/०६/०१ गतेदेखि २०८३/०६/३० गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **८४** केशहरुको **२६२** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **९४** केशहरुको **२७६** नमूनाहरु परीक्षण गरिएकोमा **२१५** केशहरुको **६५०** नमुनाहरु पेण्डिङ रहेको।
- नेपाल प्रहरी प्रदेश कार्यालय, नेपाल प्रहरी विधि विज्ञान प्रयोगशाला, हेटौंडा, मकवानपुरबाट मिति २०८३/०६/०१ गतेदेखि २०८३/०६/३० गतेसम्म विभिन्न मुद्दा चल्ने प्रहरी कार्यालयहरुबाट परीक्षणको लागि **७२** केशहरुको **२२३** नमूनाहरु प्राप्त भएकोमा नयाँ /पुरानो पेण्डिङ केशहरु समेत गरी **३३** केशहरुको **१३७** नमूनाहरु परीक्षण गरिएकोमा **३९** केशहरुको **८६** नमुनाहरु पेण्डिङ रहेको।

नेपाल प्रहरी केनाईन (K9) कार्यालय, महाराजगञ्ज

२०८३ साल असोज महिनामा केनाईन परिचालित संख्या



अपराध समाचार

कर्तव्य ज्यान सम्बन्धी

हत्या गरेको अभियोगमा पक्राउ

काठमाडौं, ४ असोज

उदयपुर, आफ्नै श्रीमती ४५ वर्षीया बिमला राईको हत्या गरेको अभियोगमा चौदण्डीगढी नगरपालिका-२ डाँडागाउँ बस्ने ५८ वर्षीय गन्दु राम राईलाई प्रहरीले पक्राउ गरेको छ। गन्दु रामले घरायसी वादविवादको क्रममा धारिलो हतियार प्रहार गर्दा बिमला गम्भीर घाइते भएकी भन्ने खबर प्राप्त हुनासाथ अस्थायी प्रहरी पोष्ट माडिबासबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। गम्भीर घाइते भएकी बिमलाको नगर अस्पताल बेल्टारमा उपचारको क्रममा मृत्यु भएको हो।

बारा, जीतपुरसिमरा उपमहानगरपालिका-२ बस्ने ३८ वर्षीय शेर बहादुर खड्काको हत्या गरेको अभियोगमा सोही उपमहानगरपालिका-१६ बस्ने २२ वर्षीय आयुष राईलाई प्रहरीले पक्राउ गरेको छ। सोही उपमहानगरपालिका-१ स्थितमा उनीहरू बीच झै-झगडा हुँदा आयुषले धारिलो हतियार प्रहार गर्दा गम्भीर घाइते भएका शेर बहादुरको नेपाल मेडीसिटी बयोधा अस्पताल वीरगंजमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय बारा समेतबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। साथै प्रहरीले उक्त घटनाको थप अनुसन्धानको लागि अन्य ५ जनालाई समेत नियन्त्रणमा लिएको छ ।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

हत्या गरेको अभियोगमा पक्राउ

सुर्खेत, ६ असोज

आफ्नै श्रीमती ३० वर्षीया चन्द्रा देवकोटा जैसीको हत्या गरेको अभियोगमा चौकुने गाउँपालिका-५ रेक्चा बस्ने ३२ वर्षीय गोपीराम जैसीलाई प्रहरीले पक्राउ गरेको छ। आफ्नै घरमा गोपीरामले चन्द्रालाई फरूवाले प्रहार गर्दा चन्द्राको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय बाबियाचौरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

काठमाडौं, १३ असोज

कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी काठमाडौं महानगरपालिका-९ घर भएका ६० वर्षीय राजकुमार श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। उक्त मुद्दामा २० वर्ष कैद सजाय ठहर भई केन्द्रीय कारागार कार्यालय जगन्नाथदेवल सुन्धारा काठमाडौंमा कैद भुक्तान गरिरहेकोमा २०८२ भदौ २४ गतेको आन्दोलनमा भागी फरार रहेका उनलाई केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-३१ भीमसेनगोलाबाट पक्राउ गरेको हो। उनलाई कैद भुक्तानको लागि केन्द्रीय कारागार कार्यालय जगन्नाथदेवल सुन्धारा काठमाडौं पठाइएको छ।

हत्या गरेको अभियोगमा पक्राउ

धनुषा , २३ असोज

जनकपुरधाम उपमहानगरपालिका-५ सोनारपट्टी दाहा चोक बस्ने २४ वर्षीय आमिन साफीको हत्या गरेको अभियोगमा सोही उपमहानगरपालिका-५ बस्ने २२ वर्षीय मोहमद ईलसाद खानलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय धनुषाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । मोहमद ईलसादले पुरानो रिसिबको कारण आमिनलाई जनकपुरधाम उपमहानगरपालिका-५ रहिम पथ नजिकै धारिलो हतियार प्रहार गर्दा गम्भीर घाइते भएका आमिनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै मोहमदले धारिलो हतियार प्रहार गर्दा घाइते भएका सोही उपमहानगरपालिका-५ बस्ने २५ ईम्तियाज राईनको सोही अस्पतालमा उपचार भइरहेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

हत्या गरेको अभियोगमा पक्राउ

मुगु, २७ असोज

छायाँनाथ रारा नगरपालिका-५ कार्किवाडा बस्ने ७५ वर्षीय धनबिर कामीको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ३२ वर्षीय अजबिर कामीलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय मुगुबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । अजबिरले धारिलो हतियार खुडा प्रहार गर्दा गम्भीर घाइते भएका धनबिरको जिल्ला अस्पताल मुगुमा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

हत्या गरेको अभियोगमा पक्राउ

काठमाडौं, २८ असोज

काठमाडौं खसी बजार बस्ने सिन्धुली हरिहरपुरगढी गाउँपालिका-३ घर भएका १८ वर्षीय रोशन पाख्रिनको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने १९ वर्षीय रूपेश पाख्रिनलाई प्रहरीले पक्राउ गरेको छ । काठमाडौं महानगरपालिका-१४ कलंकीस्थित विवादको क्रममा रूपेशले कुटपिट गर्दा गम्भीर घाइते भएका रोशनको कलंकी शहिद मेमोरियल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त कालिमाटीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। साथै प्रहरीले थप अनुसन्धानको लागि ३

जनालाई नियन्त्रणमा लिएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

हत्या गरेको अभियोगमा पक्राउ

तनहुँ, १० असोज

आँबुखैरेनी गाउँपालिका-३ चिसापानीस्थित कवरेज ग्यारेजमा काम गर्ने भारत मोतिहारी गाउँ घर भएका ५० वर्षीय लाल वचन शाहको हत्या गरेको अभियोगमा सोही ग्यारेजमा काम गर्ने भारत वेतिया गवाडी घर भएका ३२ वर्षीय जावेद आलमलाई प्रहरीले पक्राउ गरेको छ । जावेदले मादक पदार्थ सेवन गरी लाल वचनलाई फलामको डण्डि प्रहार गरी घाइते बनाई फरार भएको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय आँबुखैरेनीबाट खटिएको प्रहरीले खोजी गर्ने क्रममा उनलाई आँबुखैरेनी गाउँपालिका-३ भित्री बजारबाट भाग्दै गरेको अवस्थामा फेला पारी पक्राउ गरेको हो । गम्भीर घाइते भएका लाल वचनको आँबुखैरेनी अस्पतालमा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

हत्या गरेको अभियोगमा पक्राउ

मुगु, २७ असोज

छायाँनाथ रारा नगरपालिका-५ कार्किवाडा बस्ने ७५ वर्षीय धनबिर कामीको हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ३२ वर्षीय अजबिर कामीलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय मुगुबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । अजबिरले धारिलो हतियार खुडा प्रहार गर्दा गम्भीर घाइते भएका धनबिरको जिल्ला अस्पताल मुगुमा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

बैकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

सामाजिक सञ्जाल मार्फत विदेशी महिलाको चरित्र हत्या गर्ने व्यक्ति पक्राउ

काठमाडौं, १ असोज

सामाजिक सञ्जाल मार्फत विदेशी महिलाको चरित्र हत्या गरेको अभियोगमा बाँके नेपालगंज उपमहानगरपालिका-१ बस्ने २३ वर्षीय प्रशान्त जयसवाललाई प्रहरीले पक्राउ गरेको छ । सामाजिक सञ्जाल मार्फत विदेशी महिलासँग चिनजान गरी साथी बनि प्रेम सम्बन्धमा रहेको अवस्थामा खिचिएका तस्विरहरू पीडित महिलाका आफन्त तथा परिवारजनका सामाजिक सञ्जालमा पठाई चरित्र हत्या गरेको घटनाको अनुसन्धानको क्रममा साइबर ब्यूरोबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनलाई जिल्ला प्रहरी कार्यालय बाँकेको सहयोगमा पक्राउ गरेको हो । उनी उपर जिल्ला अदालत काठमाडौंबाट विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ अन्तर्गतको कसुरमा ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

ठगी, लिखत किर्ते, नागरिकता र संगठित अपराध सम्बन्धी कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ

काठमाडौं, १ असोज

ठगी, लिखत किर्ते, नागरिकता र संगठित अपराध सम्बन्धी कसुर मुद्दाका फरार प्रतिवादी काठमाडौं महानगरपालिका-४ धुम्बाराही बस्ने काभ्रे पनौती नगरपालिका-४ टौखाल घर भएका ४६ वर्षीय हरि भन्ने पुण्डे प्रसाद काफ्लेलाई प्रहरीले पक्राउ गरेको छ । उक्त मुद्दामा १५ वर्ष कैद सजाय र १ लाख २० हजार रूपैयाँ जरिवाना ठहर भई केन्द्रीय कारागार जगन्नाथदेवल सुन्धारामा कैद भुक्तान गरिरहेकोमा २०८२ भदौ २४ गतेको आन्दोलनमा भागी फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-४ धुम्बाराहीबाट पक्राउ गरेको हो । उनलाई कैद भुक्तानको लागि केन्द्रीय कारागार जगन्नाथदेवल सुन्धारामा पठाइएको छ ।

अन्तर्राष्ट्रिय कल बाइपासका उपकरण सहित पक्राउ

काठमाडौं, १ असोज

चितवन भरतपुर महानगरपालिका-२ आँपटारीबाट अन्तर्राष्ट्रिय कल बाइपासमा प्रयोग गरिएका विभिन्न उपकरणहरू सहित भारतीय नागरिक २५ वर्षीय Kathram Nithin लाई प्रहरीले पक्राउ गरेको छ । केन्द्रीय अनुसन्धान ब्यूरो र जिल्ला प्रहरी कार्यालय चितवनबाट खटिएको प्रहरीले नेपाल टेलिकम र एनसेल आजियाटा लिमिटेडको प्राविधिक समन्वयमा उनलाई पक्राउ गरेको हो । साथै प्रहरीले उनको साथबाट मोबाइल २६ थान, ल्यापटप २ थान, सिमकार्ड ९५ थान, सिपियु ४ थान, इन्भर्टर १ थान, ब्याट्री २ थान, युएसबि ६ थान, राउटर २ थान, विभिन्न प्रकारका डेटा केबुलहरू लगायतका सामानहरू समेत बरामद गरेको छ । प्रारम्भिक अनुसन्धानको क्रममा ती उपकरण तथा सामाग्रीहरू अवैध रूपमा अन्तर्राष्ट्रिय कल बाइपास (भिओआइपी) मा प्रयोग गरिएको भन्ने खुल्न आएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

खेलमा मिलेमतो तथा अनियमितता र ठगी सम्बन्धी कसुरमा संलग्न दुई जना पक्राउ

काठमाडौं, ५ असोज

खेलमा मिलेमतो तथा अनियमितता र ठगी सम्बन्धी कसुरमा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा अखिल नेपाल फुटवल संघ सातदोबाटोमा कोषाध्यक्ष पदमा कार्यरत ललितपुर, ललितपुर महानगरपालिका-३ पुल्चोक घर भएका ६० वर्षीय रविन्द्र जोशी र सोही संघमा लेखा अधिकृत पदमा कार्यरत सोही महानगरपालिका-५ लगनखेल थसीखेल घर भएका ५५ वर्षीय सन्जीब पाण्डे रहेका छन् । राष्ट्रिय खेलकुद परिषद् प्रधान कार्यालय त्रिपुरेश्वर काठमाडौंको पत्र तथा वसन्त रिजालको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रविन्द्र जोशी समेत भएको खेलमा मिलेमतो तथा अनियमितता गर्न नहुने र ठगी सम्बन्धी कसुर मुद्दाको अनुसन्धानको क्रममा केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । उनीहरू

उपर जिल्ला अदालत ललितपुरबाट ४ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

प्रहरी हौं भनि धाक धम्की दिई रकम असुल गर्ने कार्यमा संलग्न दुई जना पक्राउ

काठमाडौं, ७ असोज

प्रहरी हौं भनि डर त्रास, धाक धम्की दिई रकम असुल गर्ने कार्यमा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा चन्द्रागिरी नगरपालिका-२ बसुन्डोल बस्ने ३१ वर्षीय रोशन सुर्खेती र २६ वर्षीय सन्जय बिसुंखे रहेका छन्। चन्द्रागिरी नगरपालिका-७ थानकोटस्थित एक स्वास्थ्य क्लिनिकमा अपरिचित मानिसहरू प्रवेश गरी हामी मेडिकलहरू अनुगमन गर्न हिँडेका सादा पोसाकमा खटिएका प्रहरी हौं भनि डर त्रास, धाक धम्की दिई औषधी पसलको काउन्टरबाट नगद समेत लिई भागेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो। उनीहरू उपर आपराधिक लाभ एक्सटर्सन (ठगी) सम्बन्धी कसुरमा जिल्ला अदाल काठमाडौंबाट ४ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

वैदेशिक रोजगारीमा विभिन्न देश पठाइदिन्छु भन्दै ठगी गर्ने चार जना पक्राउ।

काठमाडौं, २० असोज

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देशहरू पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं तारकेश्वर नगरपालिका-५ बस्ने ३३ वर्षीय दिपेन्द्र दाहाल, सोही नगरपालिका-१० बस्ने धादिङ घर भएका २७ वर्षीय रमेश दनै, टोखा नगरपालिका- ९ बस्ने बागलुङ घर भएका २६ वर्षीय युवराज रिजाल र रोल्पा घर भएका ५० वर्षीय बिरसिंह बाठा रहेका छन्। पक्राउ मध्ये दिपेन्द्रले स्पेन पठाइदिन्छु भन्दै ३ जना पीडितहरूबाट ३५ लाख ९४ हजार रूपैयाँ, रमेशले रोमानिया पठादिन्छु भन्दै १ जना पीडितबाट २ लाख रूपैयाँ, युवराजले न्यूजिल्याण्ड पठाइदिन्छु भन्दै १ जना पीडितबाट ४ लाख रूपैयाँ र बिरसिंहले बेलायत पठाइदिन्छु भन्दै १ जना पीडितबाट १६ लाख ७८ हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले दिपेन्द्रलाई काठमाडौं महानगरपालिका-१० बाट शुक्रबार, रमेशलाई काठमाडौं तार्केश्वर नगरपालिका-१० बाट तथा युवराजलाई काठमाडौं टोखा नगरपालिका-९ बाट र बिरसिहंलाई काठमाडौं महानगरपालिका-१० बाट पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

चोरीमा संलग्न व्यक्ति पक्राउ

काठमाडौं, २० असोज

चोरीमा संलग्न रहेको अभियोगमा काठमाडौं महानगरपालिका-३२ कोटेश्वर बस्ने सर्लाही लालबन्दी नगरपालिका-१४ घर भएका ३७ वर्षीय हिरालाल ब्लोनलाई प्रहरीले पक्राउ गरेको छ। सर्लाही लालबन्दी नगरपालिका-७ स्थित किराना पसलबाट गत भदौ ३ गते नगद १० लाख रूपैयाँ चोरी भएको घटनाको अनुसन्धानको क्रममा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनलाई काठमाडौं महानगरपालिका-३२ कोटेश्वरबाट पक्राउ गरेको हो। उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि जिल्ला प्रहरी कार्यालय सर्लाही पठाइएको छ।

चोरीमा संलग्न पाँच जना पक्राउ

काठमाडौं, २६ असोज

सुनको गरगहना, नगद र ल्यापट चोरी भएको घटनामा संलग्न रहेको अभियोगमा ५ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा काठमाडौं महानगरपालिका-२२ न्यूरोड बस्ने २८ वर्षीय सिजल तामाङ भन्ने राजन स्याङ्बो, सोही महानगरपालिका-२३ बस्ने दोलखा घर भएकी २७ वर्षीया रिया कार्की, नागार्जुन नगरपालिका-३ बस्ने सुनसरी घर भएका ३३ वर्षीय प्रकाश कडुवाल, काठमाडौं महानगरपालिका-१३ ताहाचल बस्ने ३७ वर्षीय रोमन श्रेष्ठ र सोही महानगरपालिका-१६ माछापोखरी बस्ने नुवाकोट घर भएका ४५ वर्षीय जित बहादुर विश्वकर्मा रहेका छन्।

भक्तपुर मध्यपुर थिमि नगरपालिका-१ लोकन्थलीस्थित घरबाट असोज १८ गते सुनको गरगहना, नगद र ल्यापट समेत गरी करिब ८४ लाख ७६ हजार ७ सय रूपैयाँ बराबरको धनमाल चोरी भएको घटनाको अनुसन्धानको क्रममा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनीहरूलाई काठमाडौंको विभिन्न स्थानबाट पक्राउ गरेको हो। साथै प्रहरीले उनीहरूको साथबाट ६ तोला ८९ लाल बराबरका सुनका विभिन्न गरगहनाहरू, चाँदीको औठी २ थान, ल्यापटप १ थान, मोबाइल ३ थान र नगद २ लाख ७० हजार रूपैयाँ समेत बरामद गरेको छ। उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि प्रहरी वृत्त ठिमी भक्तपुर पठाइएको छ।

विभिन्न धनमाल चोरी

काठमाडौं ,३१ असोज

तारकेश्वर नगरपालिका-७ थापागाउँ सूर्योदय टोलस्थित कुमार गुरूङको घरबाट सुनका विभिन्न गरगहना र नगद गरी करिब १० लाख ३९ हजार ३ सय ५० रूपैयाँ बराबरको धनमाल चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिहरूको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

अवैध सुन सहित तीन जना चिनियाँ नागरिक पक्राउ

काठमाडौं, २३ असोज

बुढानिलकण्ठ नगरपालिका-२ माथिल्लो भंगालबाट २१ किलो ७ सय ५० ग्राम ६ सय ८० मिलिग्राम तौल बराबरको सुन सहित ३ जना चिनियाँ नागरिकहरूलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा बुढानिलकण्ठ नगरपालिका-२ माथिल्लो भंगाल बस्ने २७ वर्षीय HAN FEI, ४७ वर्षीय ZHOU LONGQIN र ३७ वर्षीय WANG JIANZHEN रहेका छन् ।

उक्त स्थानमा चिनियाँ नागरिकहरूले घर भाडामा लिई अवैध रूपमा सुनको कारोबार तथा ओसारपसार गर्ने गरेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो । साथै प्रहरीले उनीहरूको साथबाट नेपाली तथा विदेशी मुद्राहरू, ओसारपसारमा प्रयोग भएको गाडी, सुन प्रशोधनमा प्रयोग हुने मेसिन/उपकरणहरू तथा कागजातहरू समेत बरामद गरेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

वैदेशिक रोजगारीमा विभिन्न देश पठाइदिन्छु भन्दै ठगी गर्ने चार जना पक्राउ

काठमाडौं, २७ असोज

वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी विभिन्न देशहरू पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा टोखा नगरपालिका-३ बस्ने बागलुङ तमानखोला गाउँपालिका-४ घर भएका २२ वर्षीय दिपक श्रीपाली, ललितपुर महालक्ष्मी नगरपालिका-५ बस्ने ३४ वर्षीया नेहा अधिकारी, काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका-६ बस्ने पाँचथर याङवरक गाउँपालिका-६ घर भएका ४२ वर्षीय सुमन योङहाङ र चन्द्रागिरी नगरपालिका-६ बस्ने ४२ वर्षीया सुस्मिता नेपाली रहेका छन् । पक्राउ मध्ये दिपकले टर्की पठाइदिन्छु भन्दै १ जना पीडितबाट २ लाख ४८ हजार रूपैयाँ, नेहाले बेलायत पठाइदिन्छु भन्दै २ जना पीडितहरूबाट ६७ लाख रूपैयाँ, सुमनले दक्षिण कोरिया पठाइदिन्छु भन्दै २ जना पीडितहरूबाट ६ लाख रूपैयाँ र सुस्मिताले बेलायत पठाइदिन्छु भन्दै १ जना पीडितबाट ५ लाख रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने पीडितहरूको उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले दिपकलाई टोखा नगरपालिका-३ बाट नेहालाई काठमाडौं महानगरपालिका-११ बाट सुमनलाई काठमाडौं कागेश्वरी मनोहरा नगरपालिका-६ बाट सुस्मितालाई काठमाडौं महानगरपालिका-१७ बाट पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

यौनजन्य अपराध

जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

बझाङ, ३० असोज

१३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा दुर्गाथली गाउँपालिका-४ रन्थोली बस्ने २५ वर्षीय बरूण जोशीलाई प्रहरीले पक्राउ गरेको छ । बरूणले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने पीडितको उजुरीको आधारमा इलाका प्रहरी कार्यालय दुर्गाथलीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

काठमाडौं, ४ असोज

१५ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा तारकेश्वर नगरपालिका-४ पुरानो गुहेश्वरी डेरा गरी बस्ने सिन्धुली दुधौली नगरपालिका-१३ घर भएका ३१ वर्षीय राम बहादुर तामाङलाई प्रहरी पक्राउ गरेको छ । राम बहादुरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी वृत्त महाराजगंजबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

काठमाडौं, ५ असोज

मोरङ, ११ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सुन्दरहरैँचा नगरपालिका-११ तीनमुढे बस्ने ६० वर्षीय अलकछन माझी चौधरीलाई प्रहरीले पक्राउ गरेको छ । चौधरीले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय बिराटचोकबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

कैलाली, १३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा गोदावरी नगरपालिका-९ बस्ने ४५ वर्षीय झेलु भन्ने नविन चौधरीलाई प्रहरीले पक्राउ गरेको छ । चौधरीले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

झापा, १५ असोज

१६ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा कचनकवल गाउँपालिका-३ बस्ने ३५ वर्षीय लोकेश कुमार माझीलाई प्रहरीले पक्राउ गरेको छ । लोकेश कुमारले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा प्रहरी चौकी पथरियाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी पक्राउ

काठमाडौं, १७ असोज

जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी धादिङ सिद्धलेक गाउँपालिका-३ घर भएका ३८ वर्षीय गणेश श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ । उक्त मुद्दामा १८ वर्ष कैद सजाय ठहर भई केन्द्रीय कारागार कार्यालय जगन्नाथदेवल सुन्धारा काठमाडौंमा कैद भुक्तान गरिरहेकोमा २०८२ भदौ २४ गतेको आन्दोलनमा भागी फरार रहेका उनलाई केन्द्रीय अनुसन्धान ब्यूरोबाट खटिएको प्रहरीले काठमाडौं महानगरपालिका-२६ सामाखुशीबाट पक्राउ गरेको हो ।

जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

रूपन्देही, २३ असोज

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा सियारी गाउँपालिका-६ बस्ने २५ वर्षीय चन्द्र बहादुर थारूलाई प्रहरीले पक्राउ गरेको छ । चन्द्र बहादुरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय छपियाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

काठमाडौं, २७ असोज

१४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा काठमाडौं महानगरपालिका-२८ बागबजार बस्ने सिन्धुली घ्याङलेख गाउँपालिका-३ घर भएका २१ वर्षीय मिलन बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ । मिलनले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा जिल्ला प्रहरी परिसर काठमाडौंबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

लागु औषध सम्बन्धी

करिब १ हजार ४ सय ५४ किलोग्राम गाँजा सहित एक जना पक्राउ

सुनसरी, ३ असोज

इनरूवा नगरपालिका-१० जाल्पापुर चम्राही टोलबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ करिब १ हजार ४ सय ५४ किलो ८ सय ७० ग्राम सहित भोक्राहा नरसिंह गाउँपालिका-५ बस्ने ३० वर्षीय राम बहादुर यादवलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरीले को.१ च ८२७९ नम्बरको पिकअप गाडीमा लोड गर्दै गरेको ४७ वटा पोकामा रहेको उक्त परिमाणको गाँजा जस्तो देखिने पदार्थ फेला पारी चालक राम बहादुरलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

करिब २ हजार १ सय किलोग्राम गाँजा सहित दुई जना पक्राउ

सप्तरी, ४ असोज

डाक्नेश्वरी नगरपालिका-६ फतेपुर टोलबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ करिब २ हजार १ सय किलो ३ सय ७० ग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ७४ वर्षीय भोला सदा र ५६ वर्षीय मंगल मुखिया रहेका छन् । जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरीले भोलाको घर तलासी गर्दा ५६ वटा पोकामा रहेको १ हजार ८ सय ३८ किलो ८ सय ७० ग्राम र मंगलको घर तलासी गर्दा ८ वटा पोकामा रहेको २ सय ६१ किलो ५ सय ग्राम गाँजा जस्तो देखिने पदार्थ फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

करिब १ हजार ९ सय ५४ किलो गाँजा बरामद

काठमाडौं, ७ असोज

इलाम, इलाम नगरपालिका-९ भञ्ज्याङबाट अवैध लागूऔषध गाँजा करिब १ हजार ५ सय ४ किलो ६ सय १० ग्राम प्रहरीले बरामद गरेको छ । प्रहरी चौकी गोलाखर्कबाट खटिएको प्रहरीले ना.४ ख ८९९६ नम्बरको ट्रकलाई जाँच गर्न खोज्दा ट्रक छाडी चालक फरार भएपश्चात प्रहरीले ४१ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । प्रहरीले हाल फरार ट्रक चालकको खोजी गरिरहेको छ । सुनसरी, इटहरी उपमहानगरपालिका-२० तरहराबाट अवैध लागूऔषध गाँजा करिब ४ सय ५० किलोग्राम प्रहरीले बरामद गरेको छ । प्रहरी चौकी तरहराबाट खटिएको प्रहरीले उक्त स्थानमा वेवारिसे अवस्थामा रहेको बा.२ च ९५७३ नम्बरको एम्बुलेन्सलाई जाँच गर्ने क्रममा १५ वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । प्रहरीले हाल फरार एम्बलेन्स चालकको खोजी गरिरहेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

करिब ३ सय ९८ किलोग्राम गाँजा बरामद

मोरङ, ११ असोज

विराटनगर महानगरपालिका-३ बाट अवैध लागूऔषध गाँजा करिब ३ सय ९८ किलोग्राम प्रहरीले बरामद गरेको छ । प्रहरी चौकी बरगाछीबाट खटिएको प्रहरीलाई देख्नासाथ इटहरीबाट विराटनगरतर्फ आउँदै गरेको को.१ च ७३९९ नम्बरको स्कार्पियो चालक भागी फरार भएपश्चात स्कार्पियो जाँच गर्दा १३ वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी प्रहरीले बरामद गरेको हो । साथै प्रहरीले हाल फरार स्कार्पियो चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ ।

अवैध लागूऔषध ब्राउनसुगर सहित दुई जना पक्राउ

काठमाडौं, १३ असोज

ललितपुर, ललितपुर महानगरपालिका-४ र ५ बाट अवैध लागूऔषध खैरो हेरोइन ५८ ग्राम, डिजिटल तराजु १ थान र नगद ९०

हजार रूपैयाँ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा झापा हल्दिबारी गाउँपालिका-५ घर भएका ४७ वर्षीय सुरज दाहाल र सिराहा सखुवानन्कारकट्टी गाउँपालिका-५ घर भएका २२ वर्षीय कालिन्द्र प्रसाद यादव रहेका छन् । लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । झापा, बिर्तामोड नगरपालिका-८ हर्चना बस्ने २९ वर्षीय यादव विक समेत २ जनालाई अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ७ सय ५० मिलिग्राम सहित प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी चौकी गरामनिबाट खटिएको प्रहरीले यादवको घर तलासी गर्दा उक्त पदार्थ फेला पारी उनीहरूलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

करिब ५ सय ६४ किलोग्राम गाँजा बरामद

सुनसरी, १५ असोज

बर्जु गाउँपालिका-२ बाट अवैध लागूऔषध गाँजा जस्तो देखिने वस्तु करिब ५ सय ६४ किलोग्राम प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय सितागंज समेतबाट खटिएको प्रहरीलाई देख्नासाथ विराटनगरबाट बेलाहातर्फ जाँदै गरेको बा.१२ च १७३८ नम्बरको सुमो छाडी चालक फरार भएपश्चात प्रहरीले सुमो जाँच गर्दा १६ वटा पोकामा रहेको उक्त परिमाणको गाँजा जस्तो देखिने वस्तु फेला पारी बरामद गरेको हो ।यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

अवैध लागूऔषध ब्राउनसुगर सहित दुई जना पक्राउ

काठमाडौं, १६ असोज

बाँके, नेपालगंज उपमहानगपालिका-१५ जमुनाहबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ २ ग्राम ३ सय २० मिलिग्राम सहित जानकी गाउँपालिका-३ बस्ने ३५ वर्षीय महेन्द्र गिरीलाई बिहीबार साँझ प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय बाँके समेतबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । उदयपुर, बेलका नगरपालिका-४ लालबजारबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ करिब २ ग्राम सहित सोही नगरपालिका-५ घुम्ने बस्ने ३० वर्षीय प्रदिप बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

करिब २ हजार ५ सय ६६ किलो गाँजा सहित दुई जना पक्राउ

सुनसरी, १९ असोज

इनरूवा नगरपालिका-३ सखुवागाछी चोकबाट अवैध लागूऔषध गाँजा करिब २ हजार ५ सय ६६ किलोग्राम सहित धनकुटा सहिदभूमि गाउँपालिका-२ बस्ने ३३ वर्षीय राजु राई समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी पोष्ट सखुवागाछी समेतबाट खटिएको प्रहरीले ना.७ ख १८२५ नम्बरको ट्रकलाई जाँच गर्ने क्रममा लुकाई छिपाई ल्याएको ८३ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी ट्रक चालक राजु समेत २ जनालाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

अवैध लागूऔषध सहित ९ जना पक्राउ

काठमाडौं, २१ असोज

काठमाडौं, गोकर्णेश्वर नगरपालिकाजोरपाटीबाट ५-नियन्त्रित लागूऔषध नाइट्राभेट ७४ ट्याब्लेट सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका ८-अत्तरखेल बस्ने दोलखा शैलुङ गाउँपालिका-२ घर भएका ३२ वर्षीय जिवन तामाङ र काठमाडौं शंखरापुर नगरपालिका धारापानी बस्ने २-वर्षीय अविशेक गुरूङ रहेका छन् । प्रहरी बिट जम्बुडाँडाबाट २७ खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो ।

कञ्चनपुर, भीमदत्त नगरपालिकाबाट अवैध ४-मिलिग्राम ९० सय ४ लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ जनाला २ सहितई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिकावर्षीय धिरज राना र सोही २२ सालघारी बस्ने १८-नगरपालिका-१८ गोबरैया बस्ने १९ वर्षीय आशिष लेखक रहेका छन् । जिल्ला प्रहरी कार्यालय कञ्चनपुरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

मोरङ, विराटनगर महानगरपालिकारेल्वेबाट अवैध १८-जनालाई प्रहरीले २ सय ग्राम सहित ४ किलो २४ लागूऔषध गाँजा पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत बिहार अररिया फुलकाहा-१ बस्ने २० वर्षीय प्रवेश कुमार साह र २० वर्षीय सुरेश कुमार साह रहेका छन् । अस्थायी प्रहरी पोष्ट भेडीयारीबाट खटिएको प्रहरीले नेपालबाट भारततर्फ जाँदै गरेको बिआर ३८ एई ०४९७ नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त गाँजा सहित पक्राउ गरेको हो।

यसैगरी मोरङ, विराटनगर महानगरपालिकाबाट ११-मिलिग्राम ३० सय ५ ग्राम १ सय १ अवैध लागूऔषध खैरो हेरोइन ३ सहितजनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भारत अररिया यनां नरपतजंग घर भएका २३ वर्षीय रिजवान अहमद इदरीशी, सुनसरी देवानगंज गाउँपालिकावर्षीय २३ घर भएका २-वर्षीय अनिल यादव रहेका छन् । २३ आरविन्द्र यादव र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय विराटनगरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

करिब ९ सय ४० किलोग्राम गाँजा बरामद

उदयपुर, २६ असोज

चौदण्डीगढी नगरपालिका-१ चारघरेबाट अवैध लागूऔषध गाँजा करिब ९ सय ४० किलो ४ सय ४० ग्राम प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरीले उक्त स्थानमा पार्किङ गरी राखेको बा.१४ च २२५५ नम्बरको बोलेरो पिकअपलाई जाँच गर्ने क्रममा २९ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो । प्रहरीले बोलेरो

चालकको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

करिब २ सय ४९ किलोग्राम गाँजा सहित दुई जना पक्राउ

काठमाडौं, २७ असोज

उदयपुर, बेलका नगरपालिका-५ सुपाडे देउरालीबाट अवैध लागूऔषध गाँजा करिब १ सय ५९ किलो ४ सय ग्राम सहित सप्तरी सप्तकोशी नगरपालिका-८ आदोरा बस्ने २८ वर्षीय पशुपती साफीलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी लालबजारबाट खटिएको प्रहरीले रामपुरबाट फत्तेपुरतर्फ जाँदै गरेको प्र.१-०२-००२ च ५२९० नम्बरको पिकअप गाडीलाई जाँच गर्ने क्रममा ६ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी चालक पशुपतिलाई पक्राउ गरेको हो।

सिराहा, सखुवानन्कारकट्टी गाउँपालिका-५ बस्ने ४३ वर्षीय जगदिश यादवलाई अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ ९० किलोग्राम सहित प्रहरीले पक्राउ गरेको छ। इलाका प्रहरी कार्यालय महेशवारी समेतबाट खटिएको प्रहरीले जगदिशको घर तलासी गर्दा उक्त पदार्थ फेला पारी उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

अवैध लागूऔषध सहित विभिन्न स्थानबाट ६ जना पक्राउ

काठमाडौं, २८ असोज

काठमाडौं, तारकेश्वर नगरपालिका-४ बाट अवैध लागूऔषध खैरो हेरोइन ३ सय ग्राम सहित पर्सा वीरगंज महानगरपालिका-३१ घर भएका ४१ वर्षीय बासुर्दिन मियाँलाई प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरीले उनलाई उक्त लागूऔषध सहित पक्राउ गरेको हो।

बर्दिया, गुलरिया नगरपालिका-१ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ३ ग्राम १ सय ६० मिलिग्राम सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही नगरपालिका-१ बस्ने ३४ वर्षीय चन्द्र बहादुर कामी र ठाकुरबाबा नगरपालिका-१ बस्ने २६ वर्षीय बिजय चौधरी रहेका छन् । प्रहरी चौकी खैरापुरबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । साथै प्रहरीले उनीहरूले प्रयोग गरेको बा.प्र.०१-००५ प १३७८ र भे.१२ प ४६९७ नम्बरको मोटरसाइकलहरू समेत बरामद गरेको छ।

कैलाली, धनगढी उपमहानगरपालिका-२ ब्यारेलबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम ९ सय मिलिग्राम सहित सोही उपमहानगरपालिका-५ बस्ने २२ वर्षीय पंकज बाल्मिकीलाई प्रहरीले पक्राउ गरेको छ । लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय धनगढी समेतबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो।

कञ्चनपुर, भीमदत्त नगरपालिका-४ महेन्द्रनगर बसपार्कबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ६० मिलिग्राम सहित बाजुरा खप्तड छेडेदह गाउँपालिका-७ घर भएका १९ वर्षीय रोहित नेपाली समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । अस्थायी प्रहरी बिट बसपार्कबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

करिब ५१ किलोग्राम गाँजा बरामद

सुनसरी, २८ असोज

देवानगंज गाउँपालिका-४ कप्तानगंज मेहता टोलबाट अवैध लागूऔषध गाँजा करिब ५१ किलोग्राम प्रहरीले बरामद गरेको छ। इलाका प्रहरी कार्यालय देवानगंज समेतबाट खटिएको प्रहरीलाई देख्नासाथ नेपालबाट भारततर्फ जाँदै गरेको बिआर ५० ए एच १९१३ नम्बरको मोटरसाइकल छाडी चालक फरार भए पश्चात मोटरसाइकल तलासी गर्दा उक्त परिमाणको गाँजा फेला पारी प्रहरीले बरामद गरेको हो । साथै प्रहरीले हाल फरार मोटरसाइकल चालकको खोजी गर्नु साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

करिब १ सय ३६ किलोग्राम गाँजा सहित एक जना पक्राउ

चितवन, २८ असोज

भरतपुर महानगरपालिका-२९ जुगेडीबाट अवैध लागूऔषध गाँजा करिब १ सय ३६ किलो ५ सय ग्राम सहित मकवानपुर भीमफेदी गाउँपालिका-४ पान्द्राङ बस्ने २७ वर्षीय रन्जित सुनारलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय चितवनबाट खटिएको प्रहरीले काठमाडौंबाट पथलैयातर्फ जाँदै गरेको ना.५ ख ८६७६ नम्बरको ट्रकलाई जाँच गर्ने क्रममा १० वटा पोकामा रहेको उक्त परिमाणको गाँजा फेला पारी चालक रन्जितलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

करिब २ सय ६४ किलोग्राम गाँजा बरामद

मोरङ, ३० असोज

रतुवामाई नगरपालिका-५ गोबिन्दपुर बक्रा खोलास्थित काँसघारीबाट अवैध लागूऔषध गाँजा करिब २ सय ६४ किलो ५ सय ९० ग्राम प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरीले ८ वटा बोरामा रहेको उक्त परिमाणको गाँजा फेला पारी बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

अन्य अपराध

अनलाईन (जुवा) सट्टाबाजी तथा क्रिप्टो कारोबारमा संलग्न एक जना पक्राउ

काठमाडौं, २३ असोज

अनलाईन (जुवा) सट्टाबाजी तथा क्रिप्टो कारोबारमा संलग्न रहेको अभियोगमा काठमाडौं महानगरपालिका-३२ बस्ने सर्लाही चन्द्रनगर गाउँपालिका-३ घर भएका २२ वर्षीय बिक्की कुमार महतोलाई प्रहरीले पक्राउ गरेको छ । प्रारम्भिक अनुसन्धानको क्रममा उनले वानएक्स वेट र Mobcash Applicatin बाट सट्टाबाजी गरेको/गराएको साथै USDT लगायत अभौतिक मुद्रा (Crypto Currency) को कारोबार गरी हालसम्म ३ करोड ३८ लाख ८ हजार ३ सय ५० रूपैयाँ ९१ पैसा भन्दा बढी कारोबार गरेको खुल्न आएको छ । उनी उपर अभौतिक मुद्रा र सट्टाबाजी गर्न नहुने सम्बन्धी कसुरमा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति लिई यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

हातहतियार बरामद

कटुवा पेस्तोल सहित एक जना पक्राउ

रौतहट, ८ असोज

परोहा नगरपालिका-८ पटेल चोकबाट कटुवा पेस्तोल १ थान सहित भारत बिहार मोतिहारी श्रीपुर ग्राम बस्ने ३७ वर्षीय गोबिन्द दासलाई प्रहरीले पक्राउ गरेको छ । प्रहरी चौकी नरकटिया मोतिपुर समेतबाट खटिएको प्रहरीले उनलाई उक्त पेस्तोल सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

एकनाले भरूवा बन्दुक सहित दुई जना पक्राउ

बाँके, १५ असोज

डुडुवा गाउँपालिका-६ बाट एकनाले भरूवा बन्दुक १ थान र सोही बन्दुकमा प्रयोग हुने छर्रा ३ थान सहित सोही ठाउँ बस्ने ५५ वर्षीय कुदुस साई समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय हिरमिनियाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त बन्दुक सहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

भरूवा बन्दुक सहित एक जना पक्राउ

मोरङ, २२ असोज

लेटाङ नगरपालिका-७ वाराङ्गी कोलाघारी बस्ने पुर्ण लावती लिम्बुलाई भरूवा बन्दुक १ थान, दबासवाला बन्दुक १ थान, हातहतियार निर्माण गर्ने आरन र भरूवा बन्दुकमा प्रयोग हुने विभिन्न पार्टपुर्जाहरू सहित प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय लेटाङबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त हातहतियारहरू फेला पारी उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

कटुवा पेस्तोल र एकनाले भरूवा बन्दुक बरामद

काठमाडौं, २५ असोज

दाङ, तुलसीपुर उपमहानगरपालिका-१६स्थित ग्वारखोलाको बगरबाट कटुवा पेस्तोल १ थान प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय तुलसीपुरबाट खटिएको प्रहरीले उक्त पेस्तोल फेला पारी बरामद गरेको हो । यसैगरी दाङ, बबई गाउँपालिका-५ खयरबट्टि सिमौरा सामुदायिक वनबाट एकनाले भरूवा बन्दुक १ थान प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय हापुरेबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो । यसैगरी दाङ, लमही नगरपालिका-९ जलकुण्डीस्थित कालीखोला सामुदायिक वनबाट एकनाले भरूवा बन्दुक १ थान प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय अमिलियाबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो । कैलाली, गौरीगंगा नगरपालिका-५ अण्डैयास्थित बुढो बेताल सामुदायिक वनबाट एकनाले भरूवा बन्दुक ३ थान प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय मसुरियाबाट खटिएको प्रहरीले उक्त बन्दुकहरू फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

६ थान भरूवा बन्दुक बरामद

काठमाडौं, २७ असोज

दाङ, दाङ जिल्लाको विभिन्न स्थानबाट ४ थान भरूवा बन्दुक प्रहरीले बरामद गरेको छ । वडा प्रहरी कार्यालय लमही र अस्थायी प्रहरी पोष्ट नर्तिबाट खटिएको प्रहरीले लमही नगरपालिका-१ सुण्डबरीस्थित जनता सामुदायिक वनबाट २ थान, इलाका प्रहरी कार्यालय अमिलियाबाट खटिएको प्रहरीले सोही नगरपालिका-९ शिवखोलास्थित गायत्री सामुदायिक वनबाट १ थान र इलाका प्रहरी कार्यालय कमिरेचौरबाट खटिएको प्रहरीले बङ्लाचुली गाउँपालिका-२ स्याले छरछरी सामुदायिक वनबाट १ थान समेत गरी ४ थान भरूवा बन्दुकहरू फेला पारी बरामद गरेको हो । भोजपुर, हतुवागढी गाउँपालिका-८ साप्टेनटारस्थित साप्टेनटार मालबासे सामुदायिक वनबाट भरूवा बन्दुक १ थान प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय घोडेटारबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो ।

सुर्खेत, सिम्ता गाउँपालिका-४ रावत टोलको सल्लेटा जंगलबाट भरूवा बन्दुक १ थान प्रहरीले बरामद गरेको छ । इलाका प्रहरी कार्यालय बादेपिपलबाट खटिएको प्रहरीले उक्त बन्दुक फेला पारी बरामद गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

पेस्तोल सहित एक जना पक्राउ

सर्लाही ,२९ असोज

बागमती नगरपालिका-१ बस्ने ४८ वर्षीय मेघराज भन्ने बाबु थापालाई पेस्तोल २ थान, म्याग्जिन ३ थान र गोली १५ राउण्ड सहित प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सप्तरी समेतबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त पेस्तोल फेलापारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

उत्कृष्ट अनुसन्धान

मुद्दा शीर्षक – ज्यान सम्बन्धी कसूर (कर्तव्य ज्यान)

मिति २०८३।०५।१५ गतेदेखि सम्पर्कविहीन भएका जिल्ला महोत्तरी, भंगाहा न.पा. वडा नं. ६ निवासी २२ वर्षीय विवेक कुमार सरदारको हत्या गरी शव ९ टुक्रा बनाई बलवा न.पा. वडा नं. ७ स्थित ट्वाइलेटको सेफ्टी ट्याङ्कीमा लुकाएको अवस्थामा फेला परेको घटनामा संलग्न आरोपित अशोक कुमार ठाकुर, रामकली देवी, सोनु कुमारी ठाकुर र सियाराम शर्मालाई मिति २०८३।०५।२६ गते पक्राउ गरिएकोमा मृतकका बुबा अशोक कुमार वातरले निजहरूविरुद्ध कर्तव्य ज्यान मुद्दामा जाहेरी प्राप्त भई अनुसन्धान पश्चात सम्मानित महोत्तरी जिल्ला अदालतको मिति२०८३।०६।२२ गतेको आदेशले प्रतिवादीहरु अशोक कुमार ठाकुर, सोनु कुमारी ठाकुर र सियाराम शर्मा पुर्पक्षको लागी कारागार तथा प्रतिवादी रामकली देवी ठाकुरसँग रु. २,५०,०००।- धरौटी माग गरेकोमा सो रकम बुझाउन नसकी सो वापत कारागार चलान भएको।

मुद्दा शीर्षक – जबरजस्ती करणी

मिति २०८३।०४।१० गते अं.२२:३० बजेको समयमा जिल्ला भक्तपुर म.ठि.न.पा. वडा नं. ५ राधेराधे स्थित हनुमन्ते खोला नजिक जाहेरवालीको डेराकोठामा मेरो छोरी बर्ष १५ की परिवर्तित नाम आ.ब. ०८३।०८४ वृत्त ठिमी २७ (३१) लाई प्रतिबादी जिल्ला ईलाम फापुफाकथुङ गा.पा.३ आमाचोक घर भई हाल भक्तपुर म.ठि.न.पा. ५ राधेराधे बस्ने बर्ष २१ को सुजन राईले पटक पटक जबरजस्ती करणी गरेको भन्ने व्यहोराको जिल्ला मकवानपुर राक्सीराङ गा.पा. १ घर भई हाल भक्तपुर म.ठि.न.पा.५ राधेराधे बस्ने बर्ष ३३ की आ.ब. ०८३।०८४ वृत्त ठिमी २७(३०)को जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धानको क्रममा प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान कार्य सम्पन्न भए पश्चात सम्मानित भक्तपुर जिल्ला अदालतको मिति २०८३।०६।२३ गतेको आदेशले प्रतिवादी पूर्पक्षको लागि कारागार चलान भएको।

मुद्दा शीर्षक – शरीर बन्धक तथा ज.ज.क.उ.

पीडितको बुवा लामो समय देखी बेपत्ता रहेका र आमाको समेत मृत्यू भई सकेको हुँदा पीडित परिवर्तित नाम २०८३/०८४(७५)१७) र निजको दिदी दुबै जनालाई मैले बिगत ७ बर्ष पहिला आफ्नो घरमा ल्याई छोरी सरह नै पढाई तथा पालन पोषण गर्दै आएकोमा वारदात मिति २०८३।०५।१७ गते बेलुकी निजहरु दुबै जना दिदी बहिनी बिच पढाईको बिषयमा सामान्य बिवाद भई निज नाबालिका घरबाट निस्किएकिमा निज नाबालिकालाई अन्यायी सिताराम चौधरीले ललाई फकाई आफ्नो घरमा लगी घर बाहिर समेत आउन नदिई, शरिर बन्धक बनाई राखेको र निज अन्यायीको घरमा कोही नभएको हुदा निजले पटक पटक जवरजस्ती करणी उद्योग समेत गरेको हुँदा कानून बमोजिम गरी पाउँ भन्ने समेतको ब्यहोराको परिवर्तित नाम २०८३/०८४(७५)१७ (ग)को जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धानको क्रममा प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान कार्य सम्पन्न भए पश्चात सम्मानित कञ्चनपुर जिल्ला अदालत महेन्द्रनगर कञ्चनपुरको मिति २०८३।०६।१६ गतेको आदेश अनुसार प्रतिवादी सिताराम चौधरीलाई पूर्पक्षका लागि कारागार चलान भएको।

मुद्दा शीर्षक – कर्तव्य ज्यान

मिति २०८३।०५।२६ गते अन्दाजी २३:३० बजेको समयमा जिल्ला कास्की पोखरा म.न.पा. वडा नं. ०९ नागढुङ्गा स्थित (GR-28.204889, 83.983497) बिष्णु प्रसाद सापकोटाको निर्माणधीन घरमा काम गर्ने म जाहेरवालाको साईला दाजु जिल्ला उदयपुर बेलटार न.पा. वडा नं.०५ स्थायी वतन भएका बर्ष ३६ को अस्बिन राईलाई ऐ.ऐ. स्थितमा काम गर्ने प्रतिवादीहरु नितेश भण्डारी, अर्जुन चौधरी र तेजेन्द्र गुरुङले समेतले कुटपिट गरी गम्भिर घाईते बनाएकोमा तत्काल उद्धार गरी गण्डकी मेडिकल कलेज कास्कीमा लगेकोमा उपचारको क्रममा मिति २०८३।०५।२८ गते अन्दाजी १०:३७ बजेको समयमा उपचारमा संलग्न चिकित्सकले मृत घोषणा गरेको हुँदा मेरो दाजुलाई ज्यान मार्ने गरी कुटपिट गर्ने नितेश भण्डारी, अर्जुन चौधरी र तेजेन्द्र गुरुङलाई मुलुकी फौजदारी कार्यविधी संहिता, २०७४ को परिच्छेद १२ दफा १७७ बमोजिम कारवाही गरी क्षतीपुर्ती समेत दिलाई भराई पाउँ भन्ने समेत व्यहोराको मृतकको भाई जिल्ला उदयपुर बेलाका न.पा. वडा नं. ०५ सिकारमणि स्थायी वतन भई हाल जिल्ला कास्की पोखरा म.न.पा. वडा नं. ३२ बस्ने बर्ष ३४ को हिन्दुश राईको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धानको क्रममा प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान कार्य सम्पन्न भए पश्चात मिति २०८३।०६।२३ गते सम्मानित कास्की जिल्ला अदालतको आदेशले प्रतिवादीहरु तीनै जना पूर्पक्षको लागि कारागार कार्यालय कास्की थुनामा गएको।

मुद्दा शीर्षक – कर्तव्य ज्यान

मिति २०८३।०५।२२ गते अं.११;०० बजेको समयमा, जिल्ला म्याग्दी बेनी नगरपालिका वडा नं. २ खबरा स्थितमा ऐ.ऐ. बस्ने वर्ष ७४ की मन कुमारी घिमिरेलाई आफ्नै नाती (छोरीको छोरा) जिल्ला म्याग्दी अन्नपुर्ण गा.पा. वडा नं. ६ घारा बस्ने वर्ष २६ को प्रशिद्ध बरुवालले धारिलो हतियार फलामको दाउ प्रहार गरी हत्या गरेको सुचना प्राप्त भएकोमा अनुसन्धानको क्रममा प्रतिवादीलाई पक्राउ गरी अनुसन्धान कार्य सम्पन्न भए पश्चात मिति २०८३।०६।१३ गतेको सम्मानित म्याग्दी जिल्ला अदालतको थुनछेक आदेशले निज प्रतिवादी प्रशिद्ध बरुवाल पूर्पक्षको लागि कारागार चलान भएको।

सम्पादक मण्डल :

प्रकाशक

नेपाल प्रहरी प्रधान कार्यालय,
अपराध अनुसन्धान विभाग, नक्साल

प्रमुख सल्लाहकार

प्रहरी अतिरिक्त महानिरीक्षक डा. मनोज कुमार के.सी.

सल्लाहकार

प्रहरी वरिष्ठ उपरीक्षक मुकुन्द मरासिनी
प्रहरी उपरीक्षक प्रदिप कुमार सिंह

सम्पादक

प्रहरी निरीक्षक रुपेन्द्र नारायण श्रेष्ठ

संकलन

प्रहरी सहायक निरीक्षक दुर्गा लक्ष्मी बस्नेत

ले-आउट/ग्राफिक्स

प्रहरी सहायक हवल्दार विमल राना मगर

सम्पर्कको लागि :

नेपाल प्रहरी प्रधान कार्यालय,
अपराध अनुसन्धान विभाग ,नक्साल काठमाडौं
०१-५७१९८६८

E-mail: cicu@nepalpolice.gov.np

बालबालिका खोजतलास समन्वय केन्द्र : १०४